विनयी त्रिवेणी गाउँपालिका
Binayi Tribeni Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
Dumkibas, Nawalparasi (East of BardaghatSusta)
फोननं. : ०७८-४१६१८५, ०७८-४१६१८२
E-mail: binayitribenigaupalika@gmail.com
E-mail: info@binayitribenimun.gov.np
website: www.binayitribenimun.gov.np
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.स.(Let. No.):२०८२/०८३
च.न.(Dis. No.): २४६

मिति २०८३/०४/१५

श्री जो जस संग सम्बन्धित छ ।

**विषय : त्रैमासिक सूचना प्रकाशन गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ तथा सूचनाको हक सम्बन्धि नियमावली २०६५ को दफा ३ बमोजिम यस विनयी त्रिवेणी गाउँकार्यपालिका अन्तर्गत २०८३/०१/०१ देखि २०८३/०३/३२ सम्म यस कार्यालयवाट भएको त्रैमासिक गतिबिधिको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०८३/०४/१५
सूचना अधिकारी

बोधार्थ
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर ,काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय ,नवलपरासी (बर्दघाट सुस्ता पूर्व ) ।
श्री जिल्ला हुलाक कार्यालय ,नवलपरासी ( बर्दघाट सुस्ता पूर्व )।



CamScanner

# विनयी त्रिवेणी गाउँकार्यपालिकाको कार्यालय

# नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

## सूचना अधिकारीको त्रैमासिक प्रतिवेदन (आ.व. २०८२/०८३ – चौथो त्रैमास: बैशाख १ देखि असार मसान्त सम्म )

१. कानुनी आधार र प्रतिवेदनको उद्देश्य

यो प्रतिवेदन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरिएको हो। यस प्रतिवेदनको उद्देश्य गाउँपालिकाको संरचना, सेवा, कानुनी व्यवस्था, सूचना प्रकाशनको स्थिति, मागिएका सूचनाको फछ्यौंट विवरण, तथा चौथो त्रैमास सम्मको वित्तीय र कार्यगत प्रगति सार्वजनिक गर्नु हो।

२. गाउँपालिकाको स्थापना र पृष्ठभूमि

नेपाल सरकारद्वारा गठित गाउँपालिका तथा नगरपालिका नाम, संख्या र सिमाना निर्धारण आयोगले मिति २०७३।१०।२२ मा पेश गरेको प्रतिवेदनका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।२२ को निर्णय र त्यसपश्चात मिति २०७४।०२।०८ गतेको थप निर्णय अनुसार देशभरका गाउँपालिका तथा नगरपालिकाको संख्या, सिमाना र संरचनामा हेरफेर तथा स्तरोन्नति गरिएर हाल नेपालमा ७५३ वटा स्थानीय तह (गाउँपालिका र नगरपालिका) कायम गरिएको छ।

नेपालको संविधान, २०७२ अनुसार साविकको नवलपरासी जिल्ला दुई भागमा विभाजन भई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामकरणसहित छुट्टाछुट्टै जिल्लाको रूपमा २०७४।०७।१९ गतेदेखि सञ्चालनमा आएको हो।

गण्डकी प्रदेशअन्तर्गत रहेको विनयी त्रिवेणी गाउँपालिका नवलपरासी (ब.सु.पू.) जिल्लामा अवस्थित छ, र यो गाउँपालिका भारतको बिहार राज्यसँग सिमाना जोडिएको गण्डकी प्रदेशको एकमात्र गाउँपालिका हो। नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयअनुसार साविकका दुम्किबास, वेनिमणिपुर, धुर्कोट, राकाचुली र त्रिवेणी सुस्ता गाविसहरूलाई एकीकृत गरी हालको विनयी त्रिवेणी गाउँपालिकाको गठन गरिएको हो।

विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गण्डकी प्रदेश, नेपाल २०७३

२०८३।०४।१५

सूचना अधिकारी

CamScanner

हाल यस गाउँपालिकामा ७ (सात) वटा वडा रहेका छन्, जसले प्रशासनिक, सामाजिक र आर्थिक रूपमा गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाइरहेका छन्।

३. भौगोलिक र जनसाङ्ख्यिक विवरण

| विवरण | तथ्यांक |
|---|---|
| वडा संख्या | ७ वटा |
| क्षेत्रफल | २८८.०६ वर्ग कि.मी. |
| कुल जनसंख्या | ३९,२०१ जना |
| महिला | २०,५३७ जना |
| पुरुष | १८,६६४ जना |
| साक्षरता दर | ७५.२% |
| सिमाना | पूर्व–मध्यविन्दु नगरपालिका, पश्चिम–बर्दघाट नगरपालिका, उत्तर–निस्दी गाउँपालिका (पाल्पा), दक्षिण–भारत (बिहार राज्य) |

४. गाउँपालिकाको प्रशासनिक संरचना

गाउँपालिका अध्यक्ष – श्री घनश्याम गिरी

उपाध्यक्ष – श्रीमती भगवती बैदवार क्षेत्रि

प्रमुख प्रशासकीय अधिकृत – श्री सुमन पण्डित

सूचना अधिकारी – श्री भूपराज पाण्डेय

५. गाउँपालिकाबाट प्रदान गरिने प्रमुख सेवाहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाबाट प्रशासनिक, सामाजिक, आर्थिक, पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, र वातावरणीय सेवाहरू प्रदान गरिन्छ।

२०८२/०४/१५

सूचना अधिकारी

६. स्वीकृत ऐन, नियमावली र कार्यविधिहरू

गाउँपालिकाले २०७४ देखि २०८२ सम्म विभिन्न ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

- विनयी गाउँपालिका सार्वजनिक खरिद नियमावली २०८०
- सवारी साधन ईन्धन र मर्मत सुविधा सम्वन्धी मापदण्ड, २०८१
- विनयी त्रिवेणी गाउँपालिका स्थानीय हाट बजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन,२०८०
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, 2081
- विनयी त्रिवेणी गाउँपालिकाको राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको स्थानीय वन ऐन, २०८०
- विनयी त्रिवेणी गाउँपालिका कर्मचारी आचारसंहिता, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८१
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको जनप्रतिनिधिहरुको आचारसंहिता, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१
- विनयी त्रिवेणी गाउँपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार समूह परिचालन कार्यविधि,२०८१
- मेला महोत्सव प्रर्दशनी व्यवस्थापन (संचालन)कार्यविधि,२०८१

विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गण्डकी प्रदेश, नेपाल

सूचना अधिकारी

- विनयी त्रिबेणी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९
- विनयी त्रिवेणि गाउपालिकाको नदिजन्य पदार्थ ब्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि।
- विनयी त्रिबेणी गाउपालिका कृषि प्रबर्धन ऐन,२०७४
- विनयी त्रिबेणी गाउपालिकबाट गरिने बजार अनुगमन निर्देशिका
- विनयी त्रिबेणी गाउपालिका सहकारी एन , २०७४
- एफ एम रेडियो संचालन तथा व्यबस्थापन कार्यविधि , २०७४
- विनयी त्रिबेणी गाउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न ) एन २०७४
- न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा ब्याबस्थापन गर्न बनेको एन , २०७४
- आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको बिधयक ,२०७४
- विषयगत समिति कार्यसंचालन कार्यविधि,२०८१
- विनयी त्रिवेणी गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्नबनेको ऐन, २०८१

७. सूचना अधिकारी र प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारी: श्री भूपराज पाण्डेय (अधिकृत सातौं)

प्रमुख प्रशासकीय अधिकृत: श्री सुमन पण्डित

८. सार्वजनिक निकायको वेबसाइट र सामाजिक सञ्जाल

Website: www.binayitribenimun.gov.np

Facebook Page: विनयी त्रिवेणी गाउँपालिका

Email: binayitribenigaupalika@gmail.com

CamScanner

९. सूचनाको माग तथा फछ्यौंट विवरण

| क्र.स. | सुचना माग गर्ने ब्यक्ति | माग गरेको मिति | विषय | फर्छौट मिति |
|---|---|---|---|---|
| १ | शेर बहादुर वि.क. | २०८३/०२/१९ | खोला ठेक्का सम्बन्धी | २०८३/०२/२१ |
| २. | रुक्शना कपाली | २०८३/०२/२२ | भाषा सम्बन्धी | २०८३/०२/२२ |

१०. वित्तीय प्रगति विवरण

| | |
|---|---|
| कुल स्वीकृत बजेट | ८४,८४,६४,०००/- |
| हालसम्मको निकासा | ७९,४१,५३,७८४/८२ |
| हालसम्मको खर्च | ७०,२४,२४,५२५/४६ |
| जारी पेश्की | - |
| पेश्की बाँकी | ४,४४,४७,०२१/६१ |
| बाँकी बजेट | - |
| खर्च प्रतिशत | ८२.७८ |

११. निष्कर्ष

विनयी त्रिवेणी गाउँपालिकाले सुशासन, पारदर्शिता र जवाफदेहीताको सिद्धान्तअनुसार सूचनाको हक ऐनको कार्यान्वयन गर्दै आएको छ। सबै सूचना माग समयमै फछ्यौंट गरिएको छ र वेवसाइट तथा सूचना पाटीमार्फत नियमित प्रकाशन गरिएको छ।

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल

२०८३/०४/१५